**बागमती गाउँपालिका, मकवानपुर**

**बागमती राजपत्र**

| **खण्डः ८** | **संख्याः १७** | **मितिः २०८१/१०/०६** |
|---|---|---|


**भाग - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कायविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिकाको घाँस स्रोत केन्द्र स्थापना कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना**

बागमती गाउँपालिका, मकवानपुरको कृषि तथा पशुपालन व्यवसायलाई थप व्यवसायिक र प्रतिस्पर्धी बनाउन उत्पादन लागत घटाउनु प्रमुख चुनौतीको रूपमा देखा परेको छ। विशेषगरी, दुध, मासु र तिनका उत्पादनको लागत घटाउनका लागि घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्नु अत्यावश्यक छ। यस उद्देश्यलाई ध्यानमा राख्दै, उन्नत घाँस खेतीको विस्तार गर्दै कृषकलाई आवश्यक पर्ने गुणस्तरीय घाँसको बीउ, सेट्स र स्लीपको उत्पादन र वितरण गाउँपालिका भित्रै सुनिश्चित गर्न आवश्यक देखिएको छ। विद्यमान समस्याहरूको दीर्घकालीन समाधान गर्न, घाँस उत्पादन तथा व्यवस्थापनलाई व्यवस्थित र सहज बनाउनका साथै पशुपालन व्यवसाय प्रवर्द्धन गर्न "घाँस स्रोत केन्द्र स्थापना कार्यान्वयन कार्यविधि, २०८१" लागू गर्न आवश्यक भएकोले यो स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ। यस कार्यविधिले घाँस स्रोत केन्द्र स्थापना मार्फत स्थानीय स्तरमा गुणस्तरीय चारा उत्पादन, उचित वितरण, र व्यवस्थित व्यवस्थापन सुनिश्चित गर्दै पशुधनको पोषण सुधार र उत्पादनशीलतामा वृद्धि गर्ने उद्देश्य लिएको छ।

१. प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "बागमती गाउँपालिकाको घाँस स्रोत केन्द्र स्थापना कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

क. **"आवेदक"** भन्नाले घाँस स्रोत केन्द्र स्थापना गर्नको लागि बागमती गाउँपालिका पशुपन्छी विकास शाखा समक्ष आवेदन दिने कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरूलाई सम्झनु पर्छ।

ख. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

ग. **"प्रदेश"** भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

घ. **"बोर्ड"** भन्नाले मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्डलाई सम्झनु पर्छ।

ङ. **"कार्यालय"** भन्नाले बागमती गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

च. **"गाउँपालिका"** भन्नाले बागमती गाउँपालिकाको कार्यालय लाई सम्झनु पर्दछ।

छ. **"अध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ज. **"उपाध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

झ. **"कृषि तथा पशुपन्छी विकास शाखा"** भन्नाले बागमती गाउँपालिका कृषि विकास शाखा सम्झनु पर्छ।

ञ. **"लाभग्राही"** भन्नाले बिउपुँजी परिचालनको लागि छनौट भएका आवेदकलाई सम्झनु पर्छ।

ट. "**कार्यविधि**" भन्नाले " बागमती गाउँपालिकाको घाँस स्रोत केन्द्र स्थापना कार्यान्वयन कार्यविधि, २०८१" सम्झनु पर्छ।

**३. उद्देश्य**

१. कृषकहरुलाई आवश्यक पर्ने विभिन्न घाँसका बीउ सेट्स स्लीप बेर्नाहरु पालिका भित्र नै उपलब्धताको सुनिश्चित गर्ने।

२. पशु उत्पादकत्व, दुध, मासुमा वृद्धि गर्ने।

३. पशु उत्पादनमा लाग्ने खर्च कम गर्ने।

४. विभिन्न घाँसे बालीको बीउको राष्ट्रिय आवश्यकता पहिचान गरी सोही अनुसारको स्रोत केन्द्रको विकास तथा बिउको बढ्दो मागलाई व्यवस्थित तरिकाबाट आपूर्ति व्यवस्था मिलाउन कृषक समूह समिति सहकारीहरुलाई परिचालन गरी गुणस्तरीय बीउ उत्पादन र वितरण गर्ने।

५. कार्यक्रम संचालन हुने स्थान : पशुपन्छी विकास शाखाले निर्णय गरे अनुरुप।

**६. कार्यक्रम संचालन गर्दा अपनाउन पर्ने कार्यविधिः**

तोकिएका मापदण्ड पूरा गएका कृषक/समूह/समिति/सहकारी छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेछः

क) कृषक/समूह/समिति/सहकारी विधिसम्मत रुपमा सम्बन्धित निकायमा वा कार्यालयमा दर्ता तथा नवीकरण भएको हुनुपर्छ।

ख) कृषक समूहको हकमा कम्तीमा १० जना सदस्य हुनुपर्छ।

ग) बीउ उत्पादक कृषक समूह गठन गर्दा सम्भाव्यताको आधारमा महिला, दलित, न्यून आयस्रोत भएका सिमान्तकृत समूह, युवा जस्ता समूहलाई प्राथमिकता दिनु पर्नेछ, तर यस्तो समूह, सहकारी, समितिमा अधिकतम महिलाको सहभागिता हुनु पर्नेछ।

घ) छनौट भएका कृषक/समूह/समिति/सहकारीलाई घाँसको नर्सरी स्थापना, सिंचाई व्यवस्थापन, घाँस खेती सम्बन्धी यान्त्रिकरण खरिद, बीउ भण्डारण तथा संचय, धेसिग फ्लोर निर्माण, घाँसको बीउ/सेट्स/स्लीप/बेर्नाहरु खरिद आदि कार्यको लागि अधिकतम ८० प्रतिशतसम्म अनुदानको व्यवस्था गरिनेछ।

ङ) कम्तीमा ५ बर्षको जग्गा सम्झौता भएको हुनु पर्नेछ।

च) कम्तीमा यस कार्यक्रम प्रयोजनको निम्ति २ बिघा जग्गा छुट्याएको हुनु पर्नेछ।

**७) कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी**

**७.१ कृषक/समूह/समिति/सहकारी :**

क) उपयुक्त घाँसको बीउ/सेट्स/स्लीपको उत्पादन वृद्धि गरी श्रोत केन्द्रको रुपमा काम गर्ने।

(ख) समूह/समितिको आचार संहिता बनाई सम्बन्धित कार्यालयमा दर्ता तथा नवीकरण गराउने।

ग) घाँसको श्रोत केन्द्र सम्बन्धी चौमासिक प्रगति सम्बन्धित पशुपन्छी विकास शाखामा पठाउने।

ध) घाँसको उत्पादकत्व तथा सो बाट पशु उत्पादनमा परेको प्रभाव सम्बन्धी अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने।

ङ) गुणस्तरीय बीउ उत्पादन, प्रशोधन, प्रयोगशाला परीक्षण, प्याकेजिङ्ग गरी टयागिङ वा यथार्थ संकेत पत्र लगाई विकी बितरण गर्ने।

च) समूह/समितिको बैठक प्रत्येक महिनाको एक पटक बस्नेछ।

छ) कार्यविधि ले तोके अनुसार अन्य सबै कार्य गर्ने।

**७.२ पशुपन्छी विकास शाखा :**

क) आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका कृषक समूह/समिति/सहकारीले संचालन गरेका घाँसको श्रोत केन्द्रहरुको नियमित निरीक्षण, अनुगमन तथा आवश्यक प्राविधिक सेवा उपलव्ध गराउने।

ग) कृषक/समूह/समिति/सहकारीबाट मासिक प्रगति संकलन गर्ने।

घ) आफ्नो कार्यक्षेत्र भित्र रहेका घाँसे बालीको बीउको माग र उत्पादन विवरण राख्ने।

ङ) लक्षित वर्गको माग र आवश्यकतालाई ध्यानमा राखी आवश्यक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने।

बागमती गाउँपालिका, मकवानपुर

च) छानिएका कृषक समूह/समिति/सहकारीसँग सम्झौता समन्वय गरी दिगो रुपमा घाँस श्रोतकेन्द्र स्थापना तथा संचालन गर्ने।

छ) कृषकहरुलाई वितरण गरिने घाँसको बीउको गुणस्तर सम्बन्धित बीउ बिजन प्रयोगशालाबाट परिक्षण गराएर मात्र खरिद तथा वितरण कार्य गर्ने गराउने।

ज) जिल्ला भित्र बीड्को माग आपूर्ति विवरण सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय मार्फत राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने।

झ) छनौट भएका कृषक समूह/समिति/सहकारीलाई घाँसको नर्सरी स्थापना, सिंचाई व्यवस्थापन, घाँस खेती सम्बन्धी यान्त्रिकरण खरिद, बीउ भण्डारण तथा संचय, धेसिग फ्लोर निर्माण, घाँसको बीउ/सेट्स/स्लीप/बेर्नाहरु खरिद आदि कार्यको लागि अधिकतम ८० प्रतिशतसम्म अनुदानको व्यवस्था गरिनेछ।

**८. घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नमर्स**

| क्र.सं. | कार्यक्रम प्रस्तावित आर्थिक नर्मस | कैफियत |
|---|---|---|
| | १) सूचना प्रकाशन।<br>२) प्रस्ताव संकलन र छनौट।<br>३) छनौट भएका कृषक समूह/समिति/सहकारीलाई घाँसको नर्सरी स्थापनाको लागि ८० प्रतिशत सम्म अनुदानको व्यबस्था गर्ने।<br>४) छनौट भएका कृषक समूह/समिति/सहकारीलाई घाँसको सिंचाई व्यवस्थापनको लागि ७० प्रतिशत सम्म अनुदानको व्यवस्था गर्ने।<br>५) छनौट भएका कृषक समूह/समिति/सहकारीलाइ घाँस खेतीको लागि यान्त्रिकरण खरिद सम्बन्धि ८० प्रतिशतसम्म अनुदानको व्यवस्था गर्ने।<br>६) छनौट भएका कृषक समूह/समिति/सहकारीलाइ बीउ भण्डारण तथा संचय सम्बन्धि ८० प्रतिशत सम्म अनुदानको व्यवस्था गर्ने।<br>७. छनौट भएका कृषक समूह/समिति/सहकारीलाई ग्रेसिंग फ्लोर निर्माण कार्यको लागि ८० प्रतिशत सम्म अनुदानको व्यवस्था गर्ने।<br>८. छनौट भएका कृषक समूह/समिति/सहकारीलाइ घाँसको बीउ सेट्स/स्लीप खरिद आदि कार्यको लागि ८० प्रतिशत सम्म अनुदानको व्यवस्था गर्ने। | १) पशुपन्छी विकास शाखा।<br>२) सम्बन्धित शाखा गर्ने।<br>३) नर्सरीको लागि टहरा निर्माण, नर्सरी प्लट स्थापना, सिचाई सामग्री खरिद आदि कार्यको लागि।<br>४) पाईप, मोटर, हजारी, पम्पसेट, पानी ट्याङ्की खरिद वा निर्माण आदि कार्यको लागि।<br>५) ग्रेसर, हारभेस्टर, सैल ब्यारों, रोटराभेटर, पावर टिलर, स्यारो, प्लो, सिड डिलर आदि कार्यको लागि।<br>६) सिड बीन खरिद, स्टोर हाउस निर्माण आदि कार्यको लागि।<br>७) ब्रेसिंग फ्लोर निर्माण कार्यका लागि।<br>८) घाँसको बीउ सेट्स/स्त्रीप खरिद तथा डुबानीको लागि। |

| | | |
|---|---|---|
| | ९. अन्य सामग्री पशुपन्छी विकास शाखाले निर्णय गरे अनुरुप हुने। | |

**९. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**१०. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन वडा कार्यालयको समन्वयमा पशुपन्छी विकास शाखाले गर्नेछ। अनुगमन तथा छनोट समिति निम्न अनुसार रहने छ।

यस कार्यविधि बमोजिम कृषि यान्त्रिकीकरण अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन समिति रहनेछ।

१) गाउँपालिका अध्यक्ष -संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३) आर्थिक विकास समितिका संयोजक - सदस्य

४) कृषि विकास शाखा प्रमुख- सदस्य

५) पशुपन्छी विकास शाखा प्रमुख - सदस्य-सचिव

ङ) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने, मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी क्रमशः बढी अंक प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नु पर्नेछ।

**११. थपघट वा हेरफेर गर्न सक्नेः**

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

**१२. अन्य प्रावधान**

१. कार्यक्रम संचालन तथा अनुगमन खर्च निर्धारित खर्च शीर्षकबाट उपभोग गर्न सकिनेछ।

बागमती गाउँपालिका, मकवानपुर

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची-१

## कृषक समूह/समिति/सहकारीसँगको सम्झौता-पत्र

बागमती गाउँपालिका, झुरझुरे मकवानपुर तथा ..................................................................................

बीच घाँसको श्रोत केन्द्र स्थापनाको लागि भएको द्विपक्षीय सम्झौता

बागमती गाउँपालिका, झुरझुरे मकवानपुरको वार्षिक कार्यक्रम अनुसार पालिकास्तरमा घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम संचालन गर्न बागमती गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र .....................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुमा मञ्जुर भई द्विपक्षीय सम्झौता सम्पन्न भयो।

**तपसिल**

१) प्रस्तावित घाँसको श्रोत केन्द्र स्थापना ............... जिल्ला ...........गा.बि.स./न.पा. ........... वडा नं. ......मा मिति ...................सम्ममा सम्पन्न गरिनेछ।

२) प्रथम पक्षले घाँसको श्रोत केन्द्र स्थापनाको लागि दोश्रो पक्षलाई बढीमा रु. ........................... (अक्षरेपि .....................................) बराबरको आर्थिक सहयोग प्रदान गर्नेछ।

३) दोश्रो पक्षले घाँसको श्रोतकेन्द्र स्थापनाको लागि गरिने सम्पूर्ण कार्यहरु गरी बिल भरपाईहरु तथा कार्य प्रगति प्रतिवेदन बुझाए पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गरि मनासिव ठहरेमा मात्र सम्झौता मुताविकको रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ।

४) दोश्रो पक्षले कम्तीमा ........................ हेक्टर क्षेत्रफलमा विभिन्न उन्नत घाँसहरु लगाई बिउ सेट्स/स्लीपहरु उत्पादन गर्नुपर्नेछ।

५) प्रथम पक्षबाट उपलब्ध गराईएको रकमवाट दोस्रो पक्षले घाँस खेतीका लागि सिंचाईको व्यवस्था, घाँसको डेमोन्स्ट्रेसन प्लट निर्माण, घाँसको बिउ सेट्स/स्लीप खरिद, विभिन्न पशु आहारा सम्बन्धी यान्त्रिकरण खरिद, बिउ भण्डारण सम्बन्धी कार्यक्रम, थ्रेसिंग फ्लोर निर्माण आदि कार्यक्रमहरुमा खर्च गर्न सक्नेछ।

६) घाँसको श्रोत केन्द्र स्थापना भएको स्थानमा सबैले देख्ने गरि अनिवार्य रुपमा श्रोत केन्द्रको नाम, ठेगाना, घाँसको बिवरण, सहयोगी निकायको नाम आदि उल्लिखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले गर्ने छ।

७) सम्झौता मुताबिक कार्य नभएमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग भएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरि दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

८) सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित नियम, कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |

**साँक्षीः**
हस्ताक्षरः
नाम, थरः
पदः
कार्यालयः

**साँक्षीः**
हस्ताक्षरः
नाम, थरः
पदः
कार्यालयः

इति संवत् ................ साल ................. महिना ................गते रोज ............ शुभम्।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची २
## दरखास्त/आवेदन फारमको ढाँचा

१. कृषक समूह/समितिको नामः
२. कृषक/अध्यक्षको नामः
३. ठेगानाः
क) जिल्लाः ख) गा.पा./न.पा. ग) वडा नं.
४. लगाउने घाँसको किसिमः
५. लगाउने घाँसको जातः
६. घाँसको बीउ ल्याउने श्रोतः
७. घाँस लगाउने क्षेत्रफलः
८. जग्गाको स्वामित्व (निजी/सार्बजनिक/भाडा):
१०. अनुमानित बीउ/बेर्ना/सेट्स उत्पादन प्रति वर्ष :
११. बीउ/बेर्ना/सेट्स उत्पादन प्रयोजनः
१२. सिंचाईको श्रोतको अवस्थाः
१३. लाभान्बित घरधुरीः
१४ सरकारी निकायबाट विगत २ बर्ष भित्र यहि प्रकृतिको अनुदान पाए/नपाएकोः
१५. स्रोतकेन्द्रले सेवा पुर्याउने क्षेत्र (Coverage area):
१६) भावी कार्ययोजनाः

सम्पर्क व्यक्तिको नामः
सम्पर्क नम्बरः
दस्तखतः
मितिः

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची ३

**साझेदार संस्थाको मुल्याङ्कन गर्ने आधारहरु**

कार्यक्रमको नाम :
आवेदक संस्थाको नाम :
मिति :

| क.स. | सूचक | अधिकतम अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थामा हाल उपलब्ध भौतिक पूर्वाधार बाटो,विजुली,पानी,बजार सुविधा आदि । | २० | | |
| २. | उन्नत भुइ तथा डाले घाँस खेतिको क्षेत्रफल | २० | | |
| ३. | संस्थाको बर्तमान अवस्था | १० | | |
| ४. | संस्था दर्ता अवधि (संस्था दर्ता अवधि ५ बर्ष वा सो भन्दा बढि भएमा पुर्ण अंक मानी मुल्याङ्कन गरिने | १० | | |
| ५. | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| ६. | जग्गा विवरण / जग्गा सम्झौता | १० | | |
| ७. | कार्ययोजना | २० | | |
| | **कुल** | **१००** | | |

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर